कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र संचालित तथा बीमा ऐन, २०४९ अनुसार बीमा व्यवसाय गर्न इजाजत प्राप्त

# नेको इन्स्युरेन्स लि.
# Neco Insurance Ltd.

नवदुर्गा भवन, अनामनगर, काठमाण्डौं, नेपाल।
फोन नं: ९७७-०१-४७७०१२७, ०१-४७७०४१५, फ्याक्स नं: ९७७-०१-४७७०१६२
Email: info@necoinsurance.com.np, URL: www.necoinsurance.com.np

**को**

# हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु

चुक्ता पूँजी रु.७८,४१,८५,५८९/– को २ : १को अनुपातमा (अर्थात् विद्यमान २ कित्ता शेयर बराबर नयाँ १ कित्ता शेयरको दरले) शेयरधनीहरुलाईरु. ३९,२०,९२,८११/– शेयर पूँजी बराबर प्रति शेयर रु.१००/– अंकित दरका कुल ३९,२०,९२८.११ कित्ता शेयरहरुको हकप्रद शेयर निष्काशन गर्नका लागि प्रकाशित

यस कम्पनीद्वारा जारी गर्न लागेको हकप्रद शेयर निष्काशनलाई ईक्रा नेपाल लिमिटेडले औषत आधारहरु (Fundamentals) जनाउने "ICRANP IPO GRADE 3"प्रदान गरेको छ। [ICRANP] IPO GRADE 3 ले average fundamentals जनाउदँछ, ग्रेड २,३,४ मा प्रयोग गरिने + (plus) चिन्हले त्यस समूहका तुलनात्मक सकारात्मक स्थितिलाई जनाउदँछ।

दरखास्तसाथ प्रति शेयर रु.१००।– को दरले माग गरिएको

## निष्काशन तथा बिक्री प्रवन्धकको उद्घोषण

हामीलाई निष्काशनकर्ता संगठित संस्था तथा यसका संस्थापक/संचालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस संस्थाको व्यवस्थापकिय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकरी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुराप्रति विश्वस्त भई हामीले यो "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा "धितोपत्र सम्बन्धी ऐन, २०६३" र "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३"अनुरुपको योग्यता पुगेको प्रतिबद्धतापत्र (ड्यू डेलिजेन्स् सर्टिफिकेट) प्रस्तुत गरेका छौं।

धितोपत्र लगानीमा हुनसक्ने जोखिमबारे लगानीकर्ता स्वयंले विचार गर्नुपर्ने छ। यस नेको इन्सुरेन्स लिमिटेडले गर्ने भनिएको काममा निहित सम्भावित जोखिमहरु बारे यस विवरणको दफा थ मा उल्लेख गरिएको छ।

नेपाल धितोपत्र बोर्डबाट स्वीकृत भएको मिति : २०७४/०९/२५
हकप्रद शेयर निष्काशन खुल्ला हुने मिति :२०७४/१०/२६
हकप्रद शेयर निष्काशन बन्द हुने मिति :२०७४/१२/०१

## धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक:

NMB CAPITAL LIMITED

### एनएमबि क्यापिटल लिमिटेड

नागपोखरी, काठमाडौं फोन: ९७७-१-४४३७९६३, फ्याक्स: ९७७-१-४४३७९६०
इमेल: info@nmbcl.com.npवेवसाइट: www.nmbcl.com.np

**क.संगठित संस्थाको नाम :**नेको इन्सुरेन्स लिमिटेड (NecoInsuranceLimited)

**ख. रजिष्टर्ड कार्यालय :** यस कम्पनीको रजिष्टर्ड (केन्द्रीय) कार्यालय वागमती अञ्चल, काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं ३३ अनामनगरमा रहेको छ।

**ग. कारोवार स्थानः** यस कम्पनीको कारोवार गर्ने मुख्य स्थान नवदुर्गा भवन, अनामनगर, काठमाडौंमा रहेकोछ बीमा समितिको स्विकृती लिई नेपाल राज्य भित्र वा विदेशमा आवश्यकता अनुसार शाखा, उप-शाखा वा अन्य कार्यालय खोली कारोवार गर्न सक्नेछ। यस कम्पनीले हाल देहायका स्थानहरुमा शाखा कार्यालय, उपशाखा तथा सम्पर्क कार्यालय खोली कारोबार सञ्चालन गरिरहेको छ।

| क्र.सं. | शाखा/उपशाखा/सम्पर्क कार्यालय | क्र.सं. | शाखा/उपशाखा/सम्पर्क कार्यालय |
|---|---|---|---|
| १ | नयाँ बानेश्वर, काठमाडौं | २० | पोखरा, कास्की |
| २ | कालिमाटी, काठमाडौं | २१ | इटहरी, सुनसरी |
| ३ | न्यूरोड, काठमाडौं | २२ | धरान, सुनसरी |
| ४ | बौद्ध, काठमाडौं | २३ | धनगढी, कैलाली |
| ५ | किर्तिपुर, काठमाडौं | २४ | महेन्द्रनगर, कन्चनपुर |
| ६ | नक्साल, काठमाडौं | २५ | घोराही, दाङ्ग |
| ७ | सुर्यविनायक, भक्तपुर | २६ | इलाम |
| ८ | मानभवन, ललितपुर | २७ | बट्टार, नुवाकोट |
| ९ | हेटौंडा, मकवानपुर | २८ | बीरेन्द्रनगर, सुर्खेत |
| १० | विराटनगर, मोरङ्ग | २९ | तानसेन, पाल्पा |
| ११ | नेपालगंज, बांके | ३० | लहान, सिरहा |
| १२ | बुटवल, रुपन्देही | ३१ | दमौली, तनहुँ |
| १३ | भैरहवा, रुपन्देही | ३२ | बनेपा, काभ्रे |
| १४ | मणिग्राम, रुपन्देही | ३३ | सुनवल, नवलपरासी |
| १५ | विर्तामोड, झापा | ३४ | जितपुर, कपिलवस्तु |
| १६ | दमक, झापा | ३५ | सन्धिखर्क, अर्घाखाँची |
| १७ | बीरगंज, पर्सा | ३६ | तम्घास, गुल्मी |
| १८ | भरतपुर, चितवन | ३७ | चन्द्रपुर, रौतहट |
| १९ | जनकपुर, धनुषा | ३८ | रामपुर, पाल्पा |

**घ. संगठित संस्थाको संक्षिप्त परिचय र उद्देश्य :**

**घ.१ संगठित संस्थाको संक्षिप्त परिचय :**

नेको इन्सुरेन्स लिमिटेड प्रचलित कम्पनी ऐन बमोजिम २०५१ साल पौष ०१गते कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको हो। कम्पनीले बीमा समितिबाट बीमा ऐन, २०४९ को दफा १० को उपदफा (३) तथा बीमा नियमावली, २०४९ को नियम ८ को उपनियम (१) बमोजिम बीमकको रुपमा बीमा व्यवसाय गर्न पाउने स्वीकृति प्राप्त गरि मिति २०५३ जेष्ठ १७ गतेदेखि कारोबार सञ्चालन गरिरहेको छ। कम्पनीका संस्थापकहरुमा बैंकिङ्ग, इन्स्योरेन्स, ट्रेडिङ्ग, एवं उत्पादन क्षेत्रमा लामो समयदेखि आवद्ध रहेका तथा अनुभव हासिल गरेका देशका ख्यातिप्राप्त व्यक्तित्व/संस्थाहरु रहेका छन्।

**घ.२ संगठित संस्थाको उद्देश्य :**

कम्पनीको प्रबन्धपत्रको दफा ३ तथा नियमावलीको नियम ३ मा उल्लेख गरिए बमोजिम यस कम्पनीको मुख्य उद्देश्यहरू देहाय बमोजिम रहेको छः-

(क) प्रत्येक किसिमको बीमा व्यवसाय गर्ने जसमा हरेक किसिमको निर्जीव बीमा, हरेक किसिमको जमानी तथा क्षतिपूर्ति समेत समावेश भएको बीमा व्यवसाय गर्ने।

(ख) आगलागी सम्बन्धमा व्यक्ति, कामदार, फ्याक्ट्री घर, सवारी साधनहरु एवं अन्य चल-अचल सामानहरु तथा त्यस आगलागीबाट हुने खतरा, हानि तथा सम्पत्तिको नोक्सानीको सम्बन्धमा बीमा तथा पूनर्बीमाको काम गर्ने।

(ग) मोटर, हवाई जहाज आदि विभिन्न प्रकारका यातायात साधनको बीमा, स्थलमार्ग, वायुमार्ग एवं जलमार्गका साधन सरसामानको बीमा (मेरिन र गुड्स इन्ट्रान्जीट) व्यक्तिगत जोखिम दुर्घटना बीमा, थल मार्ग, वायु मार्ग एवं जल मार्गका चालकहरु सम्बन्धी बीमा, विभिन्न प्रकारका औद्योगिक कच्चापदार्थ, औद्योगिक उत्पादन, मेशिन औजार, भवन, गोदाम कारखानाको मालसामान, व्यापारिक सामान समेतको बीमा तथा पूनर्बीमाको काम गर्ने।

(घ) विविध बीमा अन्तर्गत हवाई उडान बीमा, कामदारहरुको जोखिम बीमा, व्यक्तिगत दुर्घटना बीमा, मार्ग स्थल, नगद बीमा, क्यास इन सेफ बीमा, एक्स्पिडिसन र ट्रेकिङ्ग बीमा, निष्ठा जमानी बीमा (फाइडिलिटी ग्यारेण्टी), तेस्रो पक्ष दायित्व बीमा, चोरी तथा सेंधमारी डकैती बीमा, ठेकेदारको सम्पूर्ण जोखिम बीमा, स्ट्रङ्ग रुम बीमा, व्यक्तिगत तथा सामूहिक दुर्घटना, फाइडिलिटी, पर्फमेन्स

तथा विड आदि ग्यारेण्टीर स्योरिटी बीमा, व्यक्तिगत तथा पेशावर इन्डेम्नीटी बीमा, मेशिनरी ब्रेक डाउनको बीमा तथा अन्य विविध तथा इन्जिनीयरिङ्ग बीमा व्यवसाय गर्ने ।

(ङ) स्वदेश तथा विदेश बीमा तथा पूनर्बीमा कम्पनीसंग पूनर्बीमा आदान प्रदान गर्ने ।

(च) मेडिकल बीमा तथा अशक्तावस्था तथा निवृत्तिभरण जस्ता व्यक्ति सेवामूलक बीमा, कृषि क्षेत्रसंग सम्बन्धित पशुधन बीमा, बाली बीमा आदि ।

(छ) अन्य सबै प्रकारका बीमा व्यवसाय गर्ने र बीमा व्यवसायसंग सम्बन्धित अन्य सम्पूर्ण कार्य गर्ने ।

**ङ. शेयर पूँजीको संरचना :**

**(क) अधिकृत पूँजी :** यस कम्पनीको अधिकृत शेयर पूँजी रु.२,००,००,००,०००।– (अक्षेरपी दुई अर्ब रुपैयाँ) लाई प्रति शेयर रु.१०० ।– अङ्कित मूल्यका २,००,००,००० (दुई करोड) कित्ता शेयरहरुमा विभाजन गरिएको छ।

**(ख) जारी पूँजी :** यस कम्पनीको जारी शेयर पूँजी रु. १,१७,६२,७८,४००।– (अक्षेरपी  एक अर्ब सत्र करोड बयसाठ्ठी लाख अठहत्तर हजारचार सय रुपैयाँ) लाई प्रति शेयर रु.१०० ।– अङ्कित मूल्यका १,१७,६२,७८४ (एक करोड सत्र लाख बयसाठ्ठी हजार सात सय चौरासी) कित्ता शेयरहरुमा विभाजन गरिएको छ ।

**(ग) चुक्ता पूँजी :** यस कम्पनीको चुक्ता पूँजी  रु.७८,४१,८५,५८९।– (अक्षेरपी अठहत्तर करोड एक चालिस लाख पचासी हजार पाच सय उनान्नब्बेरुपैयाँ) लाई प्रति शेयररु.१०० ।– अङ्कित मूल्यका ७८,४१,८५५.८९ (अठहत्तर लाख एक चालिस हजार आठ सय पच्पन्न) कित्ता शेयरहरुमा विभाजन गरिएको छ । यस हकप्रद शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात् कम्पनीको चुक्ता पूँजी रु. १,१७,६२,७८,४००।– (अक्षेरपी एक अर्ब सत्र करोड बयसाठ्ठी लाख अठहत्तर हजार चार सय रुपैयाँ) हुनेछ ।

**च. हकप्रद शेयर निष्काशन गर्नु पूर्व र निष्काशन पश्चात् कम्पनीको चुक्ता पूँजीको स्थिति :**

**क.शेयरको हकप्रद निष्काशन गर्नुपूर्व कम्पनीको चुक्ता पूँजीको संरचना**

| समूह | शेयरधनीहरु | साधारण शेयर संख्या | पूँजी प्रतिशत (%) | चुक्ता रकम | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| क | संस्थापक शेयरधनीहरु | ४,७०५,११३.५३ | ६० | ४७०,५११,३५३.४० | शतप्रतिशत |
| ख | सर्वसाधारण शेयरधनीहरु (कर्मचारी सहित) | ३,१३६,७४२.३६ | ४० | ३१३,६७४,२३५.६० | ” |
| **जम्मा** | | **७,८४१,८५५.८९** | **१००** | **७८४,१८५,५८९.००** | **शतप्रतिशत** |

**ख. शेयरको  हकप्रद निष्काशन गरी बाँडफाँड गरे पश्चात् हुने संस्थाको चुक्ता पूँजीको संरचना**

| समूह | शेयरधनीहरु | साधारण शेयर संख्या | पूँजी प्रतिशत (%) | चुक्ता रकम | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| क | संस्थापक शेयरधनीहरु | ७,०५७,६७०.४० | ६० | ७०५,७६७,०४०.०० | शतप्रतिशत |
| ख | सर्वसाधारण शेयरधनीहरु (कर्मचारी सहित) | ४,७०५,११३.६० | ४० | ४७०,५११,३६०.०० | ” |
| जम्मा | | ११,७६२,७८४.०० | १०० | १,१७६,२७८,४००.०० | शतप्रतिशत |

**छ. हालका शेयरधनीहरुको समूह खुल्ने गरी संस्थापकहरुको हकमा निजहरुको नाम, ठेगाना तथा र उनीहरुले लिएको शेयर संख्या तथा संस्थागत संस्थापकहरुको हकमा उक्त संस्थाको संचालकहरुको नाम तथा ठेगाना (प्राकृतिक व्यक्ति नखुलेसम्म) :**

कम्पनीकोहालका संस्थापक शेयरधनीहरुको नाम, ठेगाना र उनीहरुले लिएको शेयर संख्या निम्न बमोजिम छ :

| क्र.सं | शेयरधनीहरुको नाम र ठेगाना | समूह | शेयर संख्या | चुक्ता रकम (रु.) | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| १ | नेपाल शेयर मार्केट एण्ड फाइनान्स लि., पुतलीसडक, काठमाडौं | क | ८०,२८१.०८ | ८,०२८,१०८.०० | शतप्रतिशत |
| २ | बि.के. विनायक प्रा.लि., बत्तीसपुतली, काठमाडौं | क | ६४७,३१६.०६ | ६४,७३१,६०६.०० | ,, |
| ३ | राष्ट्रिय वाणिज्य बैंक लि., सिंहदरबार प्लाजा, काठमाडौं | क | १,५६८,३६९.२२ | १५६,८३६,९२२.०० | ,, |
| ४ | घनश्याम जोशी, गौशाला, काठमाडौं | क | २७३,२२४.६० | २७,३२२,४६०.०० | ,, |
| ५ | रामेश्वर सिंह सिंजापति, सिनामंगल, काठमाडौं | क | २७१,९०८.३७ | २७,१९०,८३७.०८ | ,, |
| ६ | पदमोदय प्रा.लि., सिनामंगल, काठमाडौं | क | ५२,५५०.४३ | ५,२५५,०४३.२० | ,, |
| ७ | एस.भि.आर पब्लिक प्रा.लि., सिनामंगल, काठमाडौं | क | १२४,६०४.१४ | १२,४६०,४१३.६८ | ,, |
| ८ | एस.एस. विनायक प्रा.लि., सिनामंगल, काठमाडौं | क | ३१,२३४.३४ | ३,१२३,४३३.५० | ,, |
| ९ | कृति कुमारी महतो, गौशाला, काठमाडौं | क | १,००४,१५७.६२ | १००,४१५,७६१.६० | ,, |
| १० | इन्द्र बहादुर थापा, नयाँबानेश्वर, काठमाडौं | क | २८९,९५९.३२ | २८,९९५,९३२.०० | ,, |
| ११ | ए.जी. प्रा.लि., गौशाला, काठमाडौं | क | ४८४.०० | ४८,४००.०० | ,, |
| १२ | कोष व्यवस्थापन कम्पनी लि., बागबजार, काठमाडौं | क | ३५२,८८३.९२ | ३५,२८८,३९१.६० | |
| १३ | दिपमणी राजभण्डारी, कालधारा, काठमाडौं | क | ८,१४०.४४ | ८१४,०४४.०० | ,, |

| | | | | | |
|---|---|---|---|---|---|
| १४ | सर्वसाधारण शेयरधनीहरु (कर्मचारी सहित) | ख | ३,१३६,७४२.३६ | ३१३,६७४,२३६.०० | ,, |
| | **जम्मा** | | **७,८४१,८५५.८९** | **७८४,१८५,५८८.६६** | **शतप्रतिशत** |

उल्लेखित संस्थागत शेयरधनीहरुको सञ्चालकहरुको परिचय देहाय बमोजिम रहेको छ :

| क्र.सं. | शेयरधनीहरुको नाम र ठेगाना | पद |
|---|---|---|
| | **नेपाल शेयर मार्केट्स एण्ड फाइनान्स लि., पुतलीसडक, काठमाडौं** | |
| १. | श्री सन्तोष कुमार घिमिरे, रातोपुल, काठमाडौं | संयोजक |
| २. | श्री प्रकाश श्रेष्ठ, कोहिटी, काठमाडौं | सदस्य |
| ३. | श्री राम शरण पोखरेल, महाराजगंज, काठमाडौं | सदस्य |
| | **बि.के. बिनायक प्रा.लि., बत्तीसपुतली, काठमाडौं** | |
| १. | श्री हरिभक्त सिग्देल, गौशाला, काठमाडौं | अध्यक्ष/संचालक |
| | **राष्ट्रिय बाणिज्य बैंक लि., सिंहदरबारप्लाजा, काठमाडौं** | |
| १. | डा. रबीन्द्र प्रसाद पाण्डे, ज्ञानेश्वर ३३, काठमाडौं | अध्यक्ष |
| २. | श्री निर्मलहरि अधिकारी, सह सचिव, अर्थ मन्त्रालय | संचालक |
| ३. | डा. जितेन्द्र प्रसाद उपाध्याय, मैजुबहाल, काठमाडौं | संचालक |
| ४. | श्री रविन्द्रलाल श्रेष्ठ, नक्साल, काठमाडौं | संचालक |
| ५. | श्री विद्यावारिधी सिग्देल, पोखरा लेखनाथ १३, कास्की | संचालक |
| ६. | प्रा.डा. रामदेव सिंह, औराहा ३, पर्सा | स्वतन्त्र संचालक |
| | **पद्मोदय प्रा.लि., सिनामंगल, काठमाडौं** | |
| १. | श्री बुद्धि बहादुर थापा, कटुन्जे, भक्तपुर | अध्यक्ष/संचालक |
| | **एस.भि.आर. पब्लिक प्रा.लि., सिनामंगल, काठमाडौं** | |
| १. | श्री बुद्धि बहादुर थापा, कटुन्जे, भक्तपुर | अध्यक्ष/संचालक |
| | **एस. एस. बिनायक प्रा.लि., सिनामंगल, काठमाडौं** | |
| १. | श्री सुनिता सिंह सिजापती, सिनामंगल, काठमाडौं | सञ्चालक |
| | **कोष ब्यवस्थापन कम्पनी लि., बागबजार, काठमाडौं** | |
| १. | श्री नरेश रोक्का, नैकाप, काठमाडौं | अध्यक्ष |
| २. | श्री प्रेम कुमार श्रेष्ठ, नयाँबानेश्वर, काठमाडौं | संचालक |
| ३. | श्री यज्ञ प्रसाद न्यौपाने, धापासी, काठमाडौं | संचालक |
| | **ए.जी. प्रा.लि., गौशाला, काठमाडौं** | |
| १. | श्री घनश्याम जोशी, गौशाला, काठमाडौं | अध्यक्ष/संचालक |

**ज. निष्काशन गरिने हकप्रद शेयरको संख्या तथा त्यसको अनुपात :**

कम्पनीले हकप्रद शेयर निष्काशन प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने मितिभन्दा अघिल्लो दिनसम्म कायम शेयरधनीहरुलेयस हकप्रद शेयर निष्काशनमा आवेदन दिन सक्नेछन्। सो शेयरधनीहरुको लागि निजहरुको नाममा कायम रहेको शेयरको २:१को अनुपातमा (विद्यमान २ कित्ता शेयर बराबर नयाँ १ कित्ता को दरले) हुन आउने शेयरका लागि दरखास्तसाथ प्रति शेयर रु.१००।– को दरले भुक्तानी माग गर्ने गरी रु. ३९,२०,९२,८११/- शेयर पूँजी बराबर प्रति शेयर रु.१००।– अंकित दरका कुल ३९,२०,९२८.११ कित्ता शेयरहरुको हकप्रद शेयर निष्काशन गरिएको छ।

**झ. हकप्रद शेयर निष्काशन गर्ने सम्बन्धमा साधारण सभाले गरेको निर्णय तथा साधारण सभा सम्पन्न भएको मिति :**

कम्पनीको मिति २०७४/०६/१० मा बसेको २२ औंवार्षिकसाधारण सभाबाट पारित निर्णय अनुसार २ : १ को अनुपातमा (विद्यमान २ कित्ता शेयर बराबर नयाँ १कित्ता को दरले) ३९,२०,९२८.११कित्ता हकप्रद शेयर निष्काशन गर्ने सर्वसम्मतिबाट निर्णय गरिएको छ।

ञ(१). सञ्चालकहरुको परिचय:

कम्पनीको सञ्चालक समितिमा देहाय बमोजिमका व्यक्तिहरु सञ्चालक रहनु भएको छ।

| क्र.सं. | नाम | पद | ठेगाना | शैक्षिक योग्यता/अनुभव |
|---|---|---|---|---|
| १ | श्री रमेश कुमार निरौला<br>(संस्थापक शेयरधनीको तर्फबाट प्रतिनिधित्व) | अध्यक्ष | जम्दह १, सिराहा | BSc, LLB/ एनडिइपी विकास बैंकमा ४ बर्ष तथा माछापुच्छ्रे बैंक लिमिटेडमा संचालक भै २ वर्ष कार्य गरेको अनुभव । |
| २ | श्री कविराज अधिकारी<br>(संस्थापक शेयरधनीको तर्फबाट प्रतिनिधित्व) | सञ्चालक | चितवन, रत्ननगर वडा नं. १ | CA, MBS/ बैंकिङ्ग क्षेत्रमा १२ वर्षको अनुभव, हाल राष्ट्रिय वाणिज्य बैंकको नायव महाप्रवन्धक। |
| ३ | श्री आनन्द नेपाल<br>(संस्थापक शेयरधनीको तर्फबाट प्रतिनिधित्व) | सञ्चालक | कुसुन्ती, ललितपुर | B.E (Mechanical), MBA, हाल जगदम्बा स्टिल प्रा.लि. को प्रमुख कार्यकारी अधिकृत। |
| ४ | श्री भानुभक्त पोखरेल<br>(सर्वसाधारण शेयरधनीको तर्फबाट प्रतिनिधित्व) | सञ्चालक | ह्वडिया, उदयपुर | स्नातक/ , अधिवक्ता, विभिन्न बैंक तथा वित्तीय संस्था लगायत अन्य संस्थाहरुमा कानूनी सल्लाहकारको रुपमा आवद्ध |
| ५ | श्री तीर्थराज पराजुली<br>(सर्वसाधारण शेयरधनीको तर्फबाट प्रतिनिधित्व) | सञ्चालक | हेटौडा २, मकवानपुर | स्नातकोत्तर/ नेपाल सरकारको सेवा (उप सचिव) बाट निबृत्त |
| ६ | श्री रोहित कुमार भट्टराई | स्वतन्त्र सञ्चालक | लामिडाँडा ७ खोटाङ्ग, | स्नातकोत्तर/ नेपाल सरकारको सेवा (सह सचिव) बाट निबृत्त |

*नोट : सञ्चालक समितिमा हाललाई १ जना संस्थापक शेयरधनीको तर्फबाट प्रतिनिधित्व गर्ने सञ्चालनको पद रिक्त रहेको छ।*

ञ(२).कार्यकारी प्रमुखको विवरण

| क्र.सं. | नाम | पद | ठेगाना | शैक्षिक योग्यता/अनुभव |
|---|---|---|---|---|
| १ | श्री विश्वराम तिमिला | प्रमुख कार्यकारी अधिकृत | बालुवाटार, काठमाडौं | स्नातकोत्तर (व्यवस्थापन)/<br>ओरिएन्टल इन्सुरेन्स लि. - २०३८ देखि २०५३ सालसम्म<br>नेको इन्सुरेन्स लि.<br>सिनियर म्यानेजर - २०५३।३।१<br>भाइस प्रेसिडेन्ट - २०५७।७।१<br>सिनियर भाइस प्रेसिडेन्ट - २०६३।२।१<br>डेपुटी जनरल म्यानेजर - २०६९।६।२५<br>निमित्त प्रमुख कार्यकारी अधिकृत - २०७०।२।२१<br>का.मु.प्रमुख कार्यकारी अधिकृत - २०७१।१।१४<br>प्रमुख कार्यकारी अधिकृत - २०७२।३।१ |

## ट. संचालक समितिको बनौट :

सञ्चालक समितिमा सञ्चालक सदस्यहरुको प्रतिनिधित्व देहाय बमोजिम रहेको छ।

| | |
|---|---|
| संस्थापक समूह "क"वर्गका शेयरधनीहरुबाट | ४ (चार) जना |
| संर्वसाधारण समूह "ख" वर्गका शेयरधनीहरुबाट | २ (दुई) जना |
| स्वतन्त्र सञ्चालक | १ (एक) जना |

सञ्चालकहरुको कार्यकाल ४ वर्षको हुनेछ।

## ठ. लिनुपर्ने न्यूनतम शेयर संख्या र दरखास्तसाथ पठाउनु पर्ने पेश्की रकम :

यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मार्फत् निष्काशन तथा बिक्री गरिने हकप्रद शेयरको लागि आवेदन दिंदा यस निष्काशन प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने मितिभन्दा अघिल्लो दिनसम्म कायम शेयरधनीहरुले आफ्नो नाममा कायम शेयरको २ : १को अनुपातमा (विद्यमान २ कित्ता शेयर बराबर नयाँ १ कित्ता शेयरको दरले) प्रति शेयर रु.१००/- का दरले हुन आउने एकमुष्ट रकम भुक्तानी गरी आवेदन दिन सक्नेछन्। साविकका शेयरधनीले चाहेमा आफ्नो कायम हक भन्दा कम हकप्रद शेयर खरिद गर्न आवेदन दिन सक्नेछन् र यसरी आफ्नो हक भन्दा कम हकप्रद शेयर खरिदका लागि आवेदन दिने शेयरधनीहरुको हकमा दरखास्तमा माग गरे बमोजिम नै हकप्रद शेयर बाँडफाँड गरिनेछ। यदि कुनै शेयरधनीले आफूले हकप्रद आधारमा खरीद/दरखास्त गर्न पाउने शेयर संख्या भन्दा बढी शेयरका लागि आवेदन दिएमा सो बढी शेयरलाई बाँडफाँडमा समावेश गरिने छैन।

## ड. साविकका शेयरधनीले हकप्रद शेयर खरीदका लागि दरखास्त नदिई बाँकी रहन गएका सो शेयरहरुको बिक्री गर्ने सम्बन्धी व्यवस्था :

शेयरधनीहरुले आफूले प्राप्त गर्ने हकप्रद शेयरको लागि आवेदन नबुझाई वा आफ्नो हक अनुसारको शेयरभन्दा कम शेयरका लागि आवेदन बुझाई शेयर बाँकी रहेको खण्डमा यसरी बाँकी रहेका शेयरहरु धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ मा भएको व्यवस्था बमोजिम सञ्चालक समितिको निर्णयबाट अत्यन्त पारदर्शी तवरले जस्तै : लिलाम बढाबढको माध्यमबाट बिक्री वितरण गरिनेछ।

**ढ. हकप्रद शेयरको अनुपात भन्दा बढी शेयर खरीद गर्न पाउने/नपाउने सम्बन्धी व्यवस्था :**

कम्नीले यस हकप्रद निष्काशन प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने मिति भन्दा अघिल्लो दिनसम्म कायम शेयरधनीहरुले शेयर खरीद गर्दा आफ्नो नाममा कायम शेयरको २ : १ को अनुपातमा (विद्यमान २ कित्ता शेयर बराबर नयाँ १ कित्ता शेयरको दरले) हुन आउने शेयरको लागि आवेदन दिन सक्नेछन् । साथै शेयरधनीहरुले आफ्नो हकप्रद आधारमा माथि उल्लेखित खरीद/दरखास्त गर्न पाउने भन्दा बढी शेयर खरीदका लागि दरखास्त दिन मिल्ने छैन तर खरीद/दरखास्त गर्न पाउने भन्दा कम शेयर खरीदका लागि दरखास्त दिन चाहेमा सो अनुसार दरखास्त दिन सक्नेछन् ।

यसरी आवेदन दिंदा हक बापतको शेयर संख्या खण्डित शेयरमा आएमा सो खण्डित शेयरलाई नजिकको माथिको पूरा शेयरमा परिणत गरी आवेदन दिन सक्नेछन् । त्यसो गर्दा कम्पनीको पूँजी संरचना परिवर्तन हुने अवस्था आएमा कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गरिनेछ र थप धितोपत्र बोर्डमा दर्ता गरिने व्यहोरा वार्षिक साधारण सभाबाट निर्णय गरिनेछ । यसरी खण्डित हकप्रद शेयरलाई धितोपत्र बोर्डबाट दिइएको निर्देशन अनुसार बाँडफाँड गर्ने निर्णय कम्पनीको सञ्चालक समितिले गर्नेछ । यसरी आवेदन दिंदा हक वापतको शेयर संख्या खण्डित शेयरमा आएमा सो खण्डित शेयरलाई नजिकको माथिको पूरा शेयरमा परिणत गरी आवेदन दिन सक्नेछन ।

**ण. संगठित संस्थाको संचालन अवधि तीन वर्ष व्यतीत भैसकोको अवस्थामा विगत तीन वर्षको र तीन वर्ष व्यतीत भैनसकेको अवस्थामा संचालन अवधिको वित्तीय विवरण तथा आगामी ३ वर्षको प्रक्षेपित वित्तीय विवरणका साथै प्रक्षेपित प्रति शेयर आम्दानी (EPS), प्रति शेयरनेटवोर्थ, नेटवोर्थमा प्रतिफल र निष्काशनपूर्वको प्रति शेयर आम्दानी कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक प्रतिफल :**

कम्पनीको विगत तीन आर्थिक वर्ष (आ.व.) को वास्तविक, आ.व. २०७४/७५ को व्यवस्थापनबाट प्रमाणित प्रथम त्रैमासिकको अपरिष्कृत तथा आगामी तीन आर्थिक वर्षको लागि प्रक्षेपित वित्तीय विवरण देहाय बमोजिम छ :

**वासलात**

| विवरण | वास्तविक (रु. हजारमा) | | | आश्विन | प्रक्षेपित (रु. हजारमा)** | | |
|---|---|---|---|---|---|---|---|
| | ०७१/०७२ | ०७२/०७३ | ०७३/०७४ | मसान्त०७४/७५* | ०७४/०७५ | ०७५/०७६ | ०७६/०७७ |
| **श्रोत** | | | | | | | |
| चुक्ता पूँजी | २८१,७७७ | ३२४,०४४ | ७१२,८९६ | ७,१२८.९६ | १,१७६,२७८ | १,३५२,७१९ | १,५५५,६२७ |
| जगेडा तथा कोष | ८७,७४९ | ९६,७८० | २०६,९४९ | २,४९६.२३ | २६२,३५२ | २७९,३५४ | ३३३,१४७ |
| बीमा कोष | ११९,३०८ | १८०,०९५ | २८४,३६१ | ३,०२४.४४ | २८१,३८९ | ४०३,३८३ | ५५७,१७७ |
| महा-विपत्ती जगेडा | ८,०८९ | १४,१६८ | २४,५९४ | - | ५०,६९८ | ७२,०५६ | ९६,६१९ |
| तिर्न बाँकी दीर्घकालिन ऋण तथा सापटी | - | - | - | - | - | - | - |
| **कुल श्रोत** | **४९६,९२३** | **६१५,०८७** | **१,२२८,८००** | **१२,६४९.६३** | **१,७७०,७१६** | **२,१०७,५१३** | **२,५४२,५६९** |
| **उपयोग** | | | | | | | |
| स्थिर सम्पत्ति (खुद) | १५,७५० | २९,०६४ | १९९,१९६ | २,०६७.३२ | २११,३२९ | २२५,१६२ | २४२,८०३ |
| दीर्घकालिन लगानी | २४२,२६३ | २४४,००१ | २६४,०५८ | २,६४०.५८ | २८७,९३४ | ३४८,४०० | ४२१,५६४ |
| दीर्घकालिन कर्जा | - | - | - | | - | - | - |
| **चालु सम्पत्ति कर्जा तथा पेश्कीहरु** | | | | | | | |
| नगद तथा बैंक मौज्दात | १५७,९६७ | १३६,७०५ | ११४,०३७ | १,७८०.५६ | १६८,८०९ | १७२,०७६ | १९०,५२५ |
| अल्पकालिन लगानी | ३८४,६८३ | ५८१,७२९ | १,३८०,६८७ | १४,५९०.९१ | २,०६६,८५४ | २,६३१,०८१ | ३,३५७,०१३ |
| अल्पकालिन कर्जा | - | - | - | | - | | |
| अन्य सम्पत्ति | २०२,२१५ | ३३७,२९३ | ३९२,२३० | ३,५५६.१९ | ५४८,४०७ | ७५०,०८० | ९६५,५७५ |
| **जम्मा** | **७४४,८६५** | **१,०५५,७२६** | **१,८८६,९५४** | **१९,९२७.६६** | **२,७८४,०७०** | **३,५५३,२३७** | **४,५१३,११३** |
| **चालु दायित्व तथा व्यवस्थाहरु** | | | | | | | |
| चालु दायित्व | ९७,३९६ | १४५,११५ | २४२,५७६ | २,०६१.८१ | ३३६,४५० | ४५७,७३५ | ५६६,६०२ |
| असमाप्त जोखिम वापत व्यवस्था | ११६,४२५ | २१४,२८८ | ३७४,२६० | ४,८३९.५२ | ४७९,२७५ | ६०३,५६० | ७५४,२५० |
| भुक्तानी हुन बाँकी दावी बापत व्यवस्था | १५१,७३६ | १५२,१०९ | १७६,१६२ | १,८९४.९८ | २१९,८९७ | २६१,२०९ | ३३६,२०६ |
| अन्य व्यवस्था | १४०,९६८ | २०२,५१५ | ३२८,४१० | ३,१८९.६० | ४७६,९९६ | ६९६,७८३ | ९७७,८५२ |
| **जम्मा** | **५०६,५२४** | **७१४,०२७** | **१,१२१,४०८** | **११,९८५.९१** | **१,५१२,६१७** | **२,०१९,२८७** | **२,६३४,९१०** |
| **खुद चालु सम्पत्ति** | **२३८,३४१** | **३४१,६९९** | **७६५,५४६** | **७,९४२** | **१,२७१,४५३** | **१,५३३,९५०** | **१,८७८,२०३** |
| अपलेखन वा समायोजन हन बाँकी विविध खर्चहरु | ५७० | ३२२ | - | - | - | - | - |
| नाफा नोक्सान हिसाबबाट सारेको नोक्सान | - | - | - | - | - | - | - |
| **कुल उपयोग** | ४९६,९२३ | ६१५,०८७ | १,२२८,८०० | १२,६४९.६५ | १,७७०,७१६ | २,१०७,५१३ | २,५४२,५७० |

## नाफा-नोक्सान हिसाब

| विवरण | वास्तविक (रु. हजारमा) | | | आश्विन मसान्त०७४/७५* | प्रक्षेपित (रु. हजारमा)** | | |
|---|---|---|---|---|---|---|---|
| | ०७१/०७२ | ०७२/०७३ | ०७३/०७४ | | ०७४/०७५ | ०७५/०७६ | ०७६/०७७ |
| **आम्दानी** | | | | | | | |
| आय व्यय हिसाबबाट सारेको नाफा/(नोक्सान) | ६३,१०१ | १९२,६२६ | ३३०,०४० | ३१८.७१ | ४८२,८६२ | ६५३,२११ | ८४४,९१७ |
| लगानी कर्जा तथा अन्यबाट आय | ५४,६८० | १९,९३९ | ३४,६५५ | २४४.१७ | ५६,२७० | ८७,७६७ | ११५,०३९ |
| व्यवस्था फिर्ता | ३,४६७ | १,४७९ | ५,७७२ | ५६.३८ | ५,१९५ | ४,६७५ | ४,२०८ |
| अन्य आम्दानी (विवरण खुलाउने) | - | - | - | - | - | | |
| **जम्मा आम्दानी** | **१२१,२४८** | **२१४,०४३** | **३७०,४६७** | **६१९.२६** | **५४४,३२६** | **७४५,६५३** | **९६४,१६४** |
| **खर्च** | | | | | | | |
| व्यवस्थापन खर्च | ७,९५९ | ११,६०१ | १७,८६० | ५०.९६ | २०,०३१ | २२,६९६ | २८,३७० |
| अपलेखन खर्च | २४८ | २४८ | ३२२ | - | - | - | - |
| शेयर सम्बन्धी खर्च | १,१२६ | १,२६० | २,७१० | - | २,९८१ | ३,५७७ | ३,५७७ |
| अन्य खर्चहरु | १९२ | - | - | - | - | | |
| नोक्सानीको लागि व्यवस्था | ९२५ | ५,९२३ | १८,३१४ | - | ११,९१३ | १०,७२२ | ९,६५० |
| कर्मचारी आवास व्यवस्था | - | - | - | - | | | |
| कर्मचारी बोनस व्यवस्था | १०,०७२ | १७,७२८ | ३०,११५ | ५१.६६ | ४६,३०९ | ६४,४२३ | ८३,८७० |
| **समायोजित आयकर** | **८,५४१** | **५५,७०८** | **९२,६१५** | **१५४.९९** | **१३८,९२८** | **१९३,२७०** | **२५१,६०९** |
| आ) आयकर | ८,७९० | ५६,३४७ | ९७,५८३ | १५४.९९ | १३८,९२८ | १९३,२७० | २५१,६०९ |
| इ) स्थगन कर सम्पत्ति/दायित्व | (२४९) | (६३९) | (४,९६८) | - | - | - | - |
| **जम्मा खर्च** | **२९,०६४** | **९२,४६९** | **१६१,९३५** | **२५७.६१** | **२२०,१६२** | **२९४,६८९** | **३७७,०७६** |
| **खूद नाफा /(नोक्सान)** | **९२,१८४** | **१२१,५७४** | **२०८,५३२** | **३६१.६५** | **३२४,१६४** | **४५०,९६४** | **५८७,०८९** |
| (क) बीमा कोषमा सारेको | ४६,०९२ | ६०,७८७ | १०४,२६६ | | १६२,०८२ | २२५,४८२ | २९३,५४४ |
| (ख) बीमा जगेडामा सारेको | - | - | - | | | | |
| अघिल्लो वर्षसँग सम्वन्धित खर्च | २,५६५ | - | - | | | | |
| अघिल्लो बर्षबाट सारिएको नाफा/(नोक्सान) | २०९ | १४,३८४ | २३४ | | ९८,९५६ | ४९,२०६ | ३९,७४२ |
| **बाँडफाँडको लागि उपलव्ध रकम** | **४३,७३६** | **७५,१७२** | **१०४,५००** | | **२६१,०३८** | **२७४,६८८** | **३३३,२८६** |
| क) स्थगन कर जगेडा | - | ६३९ | ४,९६८ | | - | - | |
| ख) पूँजीगत जगेडा | २४९ | - | - | | - | - | - |
| ग) विशेष जगडा | - | - | - | | - | - | - |
| घ) अन्य जगेडा | - | - | ८४,८९० | | - | - | - |
| **ङ) प्रस्तावित लाभांश** | - | - | - | | - | - | - |
| अ) बोनश शेयर | २२,५०५ | ६४,८०९ | ७१,२९० | | १७६,४४२ | २०२,९०८ | २३३,३४४ |
| आ) नगद लाभांश (बोनश शेयरको कर) | २,२२५ | ३,४११ | ३,७५२ | | ९,२८६ | १०,६७९ | १२,२८१ |
| च) महा-विपत्ती जगेडा | ४,३७४ | ६,०७९ | १०,४२७ | | २६,१०४ | २१,३५९ | २४,५६३ |
| **वासलातमा सारेको नाफा /(नोक्सान)** | **१४,३८४** | **२३४** | **९८,९५४** | | **४९,२०६** | **३९,७४२** | **६३,०९९** |

## एकिकृत आय-व्यय हिसाब

| विवरण | वास्तविक (रु. हजारमा) | | | आश्विन मसान्त०७४/७५* | प्रक्षेपित (रु. हजारमा)** | | |
|---|---|---|---|---|---|---|---|
| | ०७१/०७२ | ०७२/०७३ | ०७३/०७४ | | ०७४/०७५ | ०७५/०७६ | ०७६/०७७ |
| **आय** | | | | | | | |
| बीमाशुल्क (खुद) | २३१,६८२ | ४२७,४२३ | ७४६,८०५ | २,३६२.३१ | ९४९,३६५ | १,१८९,४४४ | १,४८६,८०४ |
| पुनर्बीमा कमिशन आय | ६२,८८८ | ९२,१९५ | १३३,२३२ | ४३९.६५ | १४१,३४२ | १७८,९३३ | २३८,८९६ |
| लगानी, कर्जा तथा अन्यबाट आय | ५५,३७८ | २५,९८२ | ५६,३५४ | १४६.८२ | ५९,८६६ | ८१,५४५ | १२७,००१ |
| अन्य प्रत्यक्ष आय | - | - | - | - | - | - | - |
| आर्थिक वर्षको शुरुको भुक्तानी हुन बाँकी दावी बापत व्यवस्था | १०५,०८१ | १५१,७३६ | १५२,१०९ | १,७६१.६१ | १७६,१६१ | २१९,८९७ | २६२,६४९ |
| आर्थिक वर्षको शुरुको असमाप्त जोखिम बापत व्यवस्था | १०१,४४८ | ११५,८४९ | २१३,४३१ | ३,६९६.६७ | ३६९,६६६ | ४७४,६८३ | ५८८,९७७ |
| **जम्मा आय** | **५५६,४७७** | **८१३,१८६** | **१,३०१,९३१** | **८,४०७.०६** | **१,६९६,४००** | **२,१४४,५०२** | **२,७०४,३२७** |
| **व्यय** | | | | | | | |
| दावी भुक्तानी (खुद) | ११६,८३७ | ११९,३९२ | २२१,१३७ | ७८७.८४ | २८५,५६७ | ३६२,४०६ | ४३८,६०९ |
| अभिकर्ता कमिशन | ३२,६८६ | २५,६९१ | ३२,५४४ | ८१.८३ | ४२,६७८ | ५३,७०४ | ६७,१३० |
| पुनर्बीमा कमिशन खर्च | २,३२५ | ९७० | ४३८ | १.९१ | ९४५ | १,६५५ | २,०६८ |
| सेवा शुल्क (खुद) | २,३१७ | ४,२७४ | ७,४६८ | २३.६३ | ९,४९४ | ११,८९४ | १४,८६८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| अन्य प्रत्यक्ष खर्च | - | - | - | - | - | - | - |
| व्यवस्थापन खर्च | ७१,६३५ | १०४,४११ | १६०,७३९ | ४५८.६४ | १८०,२७६ | २०४,२६१ | २५५,३२६ |
| आर्थिक वर्षको अन्त्यमा भुक्तानी हुन बाँकी दावी बापत व्यवस्था | १५१,७३६ | १५२,१०९ | १७६,१६२ | १,८९४.९८ | २१९,८९७ | २६२,६४९ | ३३८,००६ |
| आर्थिक वर्षको अन्त्यमा असमाप्त जोखिम बापत व्यवस्था | ११५,८४१ | २१३,७१२ | ३७३,४०३ | ४,८३९.५२ | ४७४,६८३ | ५९४,७२२ | ७४३,४०२ |
| **जम्मा व्यय** | **४९३,३७६** | **६२०,५६०** | **९७१,८९०** | **८,०८८.३५** | **१,२१३,५३९** | **१,४९१,२९१** | **१,८५९,४१०** |
| **नाफा नोक्सान हिसाबमा सारेको** | **६३,१०१** | **१९२,६२६** | **३३०,०४०** | **३१८.७१** | **४८२,८६२** | **६५३,२११** | **८४४,९१७** |

*आ.व. २०७४/७५ आश्विन मसान्तसम्मको व्यवस्थापनबाट प्रमाणित अपरिष्कृत वित्तीय विवरण।

**निष्काशन पूर्वको प्रति शेयर आम्दानी (EPS)कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल( Minimum return on increased networth required to maintain pre issue EPS) =१९.१५%**

कम्पनीको अनुमानित वित्तीय व्यवस्था र सबै दायित्व सारिसकेपछि खुद बाँकी हुने सम्पत्ति (नेटवोर्थ) देहाय बमोजिम रहेको छ।

| विवरण | वास्तविक (रु. हजारमा) | | | प्रक्षेपित (रु. हजारमा)** | | |
|---|---|---|---|---|---|---|
| | ०७१/०७२ | ०७२/०७३ | ०७३/०७४ | ०७४/०७५ | ०७५/०७६ | ०७६/०७७ |
| शेयर पूँजी | २८१,७७७ | ३२४,०४४ | ७१२,८९६ | १,१७६,२७८ | १,३५२,७१९ | १,५५५,६२७ |
| जगेडा तथा कोषहरु | ८७,७४९ | ९६,७८० | २०६,९४९ | २६२,३५२ | २७९,३५४ | ३३३,१४७ |
| बीमा कोष | ११९,३०८ | १८०,०९५ | २८४,३६१ | २८१,३८९ | ४०३,३८३ | ५५७,१७७ |
| महा-विपत्ती जगेडा | ८,०८९ | १४,१६८ | २४,५९४ | ५०,६९८ | ७२,०५६ | ९६,६१९ |
| | **४९६,९२३** | **६१५,०८७** | **१,२२८,८००** | **१,७७०,७१६** | **२,१०७,५१३** | **२,५४२,५६९** |
| अपलेखन हुन बाँकी खर्च | ५७० | ३२२ | - | - | - | - |
| नाफा नोक्सान हिसाबबाट सारेको नोक्सान | - | - | - | - | - | - |
| **कुल नेटवोर्थ** | **४९६,३५३** | **६१४,७६४** | **१,२२८,८००** | **१,७७०,७१६** | **२,१०७,५१३** | **२,५४२,५६९** |
| **शेयर संख्या ('००० मा)** | **२,८१७.७७** | **३,२४०.४४** | **७,१२८.९६** | **११,७६२.७८** | **१३,५२७.१९** | **१५,५५६.२७** |
| **प्रति शेयर नेटवोर्थ (रु.)** | **१७६.१५** | **१८९.७२** | **१७२.३७** | **१५०.५४** | **१५५.८०** | **१६३.४४** |
| **प्रति शेयर आम्दानी (रु.)** | **३२.७२** | **३७.५२** | **२९.२५** | **२७.५६** | **३३.३४** | **३७.७४** |
| **नेटवोर्थमा प्रतिफल (%)** | **१८.५७** | **१९.७८** | **१६.९७** | **१८.३१** | **२१.४०** | **२३.०९** |
| **प्रति शेयर चुक्ता पूँजी (रु.)** | **१००.००** | **१००.००** | **१००.००** | **१००.००** | **१००.००** | **१००.००** |

**प्रक्षेपित वित्तीय विवरण कम्पनी स्वयंले तयार गरेको हो र सो वित्तीय विवरणहरु पुनरावलोकन गरी ठिक छ भनि एम.जि.एस एसोसिएट्सका चार्टर्ड एकाउण्टेण्ट्श्री ध्रुव अधिकारीज्यूले प्रमाणित गर्नुभएको हो ।

**प्रक्षेपित नाफा नोक्सान हिसाब र वासलात तयार गर्दाको आधारहरु :**

| विवरण | प्रक्षेपित (%) | | |
|---|---|---|---|
| | ०७४/०७५ | ०७५/०७६ | ०७६/०७७ |
| कूल बीमाशुल्कमा कूल पुनर्बीमा शुल्क खर्चको अनुपात | ४१.९४% | ४२.१९% | ४२.१९% |
| कूल पुनर्बीमा कमिशन आयमा कूल पुनर्बीमा कमिशन खर्चको अनुपात | ०.६७% | ०.९२% | ०.८७% |
| खुद बीमाशुल्कमा दावी भुक्तानीको अनुपात | २९.७७% | ३०.०९% | २९.०८% |
| कूल बीमाशुल्कमा अभिकर्ता कमिशन भुक्तानीको अनुपात | २.६१% | २.६१% | २.६१% |
| कूल बीमाशुल्कमा कुल व्यवस्थापन खर्च अनुपात | १२.१४% | १०.८६% | १०.८६% |
| कुल व्यवस्थापन खर्चमा कर्मचारी खर्चको अनुपात | ५८.५५% | ५७.१९% | ५४.९३% |
| खुद नाफामा कूल बीमाशुल्कको अनुपात | १९.६९% | २१.९२% | २२.८३% |
| कुल बीमाशुल्कमा कुल सम्पत्तिको (कूल उपयोग) अनुपात | १०८.२९% | १०२.४२% | ९८.८५% |
| आयकर व्यवस्था | ३०.००% | ३०.००% | ३०.००% |

१. Gross Premium :हरेक वर्ष २५ प्रतिशतको दरले बृद्धि हुने प्रक्षेपण गरिएको छ।

२. Reinsurance Premium: प्रक्षेपणको लागि आ.व. २०७३/७४ को Reinsurance Premium Ratio लिइएको छ।

| पोर्टफोलियो | प्रतिशत |
|---|---|
| हवाई | ९९.९७ |
| इन्जिनीयरिङ्ग | ८३.६३ |
| अग्नि | ४८.६५ |
| सामुद्रिक | ७१.९३ |
| विवध | ८२.९१ |
| मोटर | १७.२८ |
| कृषि | ८०.०० |

३. Claim Paid: प्रक्षेपणको लागि लेखापरिक्षण गरिएको आ.व. २०७३/७४ कोClaim Paid Ratio लिइएको छ।

| पोर्टफोलियो | प्रतिशत |
|---|---|
| हवाई | - |
| इन्जिनीयरिङ्ग | ६.२७ |
| अग्नि | ९.५५ |
| सामुद्रिक | २१.०५ |
| विवध | ४४.६२ |
| मोटर | २६.१० |
| कृषि | १२.९४ |

४. Claim Outstanding: प्रक्षेपणको लागि लेखापरिक्षण गरिएको आ.व. २०७३/७४ को Claim Outstanding Ratio लिइएको छ।

| पोर्टफोलियो | प्रतिशत |
|---|---|
| हवाई | - |
| इन्जिनीयरिङ्ग | ९.७० |
| अग्नि | १०.४८ |
| सामुद्रिक | ३.८६ |
| विवध | २.२२ |
| मोटर | १८.७२ |
| कृषि | ४.१२ |

५. **व्यवस्थापन खर्च :** प्रक्षेपणको लागि लेखापरिक्षण गरिएको आ.व. २०७३/७४ को व्यवस्थापन खर्च लिइएको छ। Gross Premium को बृद्धिले गर्दा व्यवस्थापन खर्च हरेक वर्ष १० प्रतिशतले घट्ने अनुमान गरिएको छ।

६. **Agency Commission:** प्रक्षेपणको लागि औषत दर २.६१ प्रतिशत लिईएको छ।

७. **लगानी :** प्रक्षेपणको लागि वार्षिक औषत बृद्धि दर २९ प्रतिशत लिईएको छ।

८. **हकप्रद शेयर रकम :** आ.व. २०७४/७५ मा हकप्रद निष्काशन गरिने तथा सो वापतको रकम रु . ३९.२० करोड प्राप्त हुने र लगानी गर्ने अनुमान गरिएको छ।

**त.(१) संगठित संस्थाको पछिल्लो वर्षको लेखापरीक्षण भएको वासलात र नाफा-नोक्सान हिसाबको विवरण :**

**वासलात (आषाढ ३१,२०७४)**

| विवरण | (रु. हजारमा) |
|---|---|
| **श्रोत** | |
| चुक्ता पूँजी | ७१२,८९६ |
| जगेडा तथा कोष | २०६,९४९ |
| बीमा कोष | २८४,३६१ |
| महा-विपत्ती जगेडा | २४,५९४ |
| तिर्न बाँकी दीर्घकालिन ऋण तथा सापटी | - |
| **कुल श्रोत** | **१,२२८,८००** |
| **उपयोग** | |
| स्थिर सम्पत्ति (खुद) | १९९,१९६ |
| दीर्घकालिन लगानी | २६४,०५८ |
| दीर्घकालिन कर्जा | - |
| **चालु सम्पत्ति कर्जा तथा पेश्कीहरु** | |
| नगद तथा बैंक मौज्दात | ११४,०३७ |
| अल्पकालिन लगानी | १,३८०,६८७ |
| अल्पकालिन कर्जा | - |
| अन्य सम्पत्ति | ३९२,२३० |
| **जम्मा** | **१,८८६,९५४** |
| **चालु दायित्व तथा व्यवस्थाहरु** | |
| चालु दायित्व | २४२,५७६ |
| असमाप्त जोखिम वापत व्यवस्था | ३७४,२६० |
| भुक्तानी हुन बाँकी दावी बापत व्यवस्था | १७६,१६२ |
| अन्य व्यवस्था | ३२८,४१० |
| **जम्मा** | **१,१२१,४०८** |
| **खुद चालु सम्पत्ति** | **७६५,५४६** |
| अपलेखन वा समायोजन हन बाँकी विविध खर्चहरु | - |

| | |
|---|---|
| नाफा नोक्सान हिसाबबाट सारेको नोक्सान | - |
| **कुल उपयोग** | **१,२२८,८००** |

## नाफा-नोक्सान हिसाब (श्रावण १, २०७३ देखि आषाढ ३१, २०७४सम्म)

| विवरण | (रु. हजारमा) |
|---|---|
| **आम्दानी** | |
| आय व्यय हिसाबबाट सारेको नाफा/(नोक्सान) | ३३०,०४० |
| लगानी कर्जा तथा अन्यबाट आय | ३४,६५५ |
| व्यवस्था फिर्ता | ५,७७२ |
| अन्य आम्दानी (विवरण खुलाउने) | - |
| **जम्मा आम्दानी** | **३७०,४६७** |
| **खर्च** | |
| व्यवस्थापन खर्च | १७,८६० |
| अपलेखन खर्च | ३२२ |
| शेयर सम्बन्धी खर्च | २,७१० |
| अन्य खर्चहरु | - |
| नोक्सानीको लागि व्यवस्था | १८,३१४ |
| कर्मचारी आवास व्यवस्था | - |
| कर्मचारी बोनस व्यवस्था | ३०,११५ |
| **समायोजित आयकर** | **९२,६१५** |
| आ) आयकर | ९७,५८३ |
| इ) स्थगन कर सम्पत्ति/दायित्व | (४,९६८) |
| **जम्मा खर्च** | **१६१,९३५** |
| **खूद नाफा /(नोक्सान)** | **२०८,५३२** |
| (क) बीमा कोषमा सारेको | १०४,२६६ |
| (ख) बीमा जगेडामा सारेको | - |
| अघिल्लो वर्षसँग सम्वन्धित खर्च | - |
| अघिल्लो बर्षबाट सारिएको नाफा/(नोक्सान) | २३४ |
| **बाँडफाँडको लागि उपलव्ध रकम** | **१०४,५००** |
| क) स्थगन कर जगेडा | ४,९६८ |
| ख) पूँजीगत जगेडा | - |
| ग) विशेष जगडा | - |
| घ) अन्य जगेडा | ८४,८९० |
| **ङ) प्रस्तावित लाभांश** | - |
| अ) बोनश शेयर | ७१,२९० |
| आ) नगद लाभांश (बोनश शेयरको कर) | ३,७५२ |
| च) महा-विपत्ती जगेडा | १०,४२७ |
| **वासलातमा सारेको नाफा /(नोक्सान)** | **९८,९५४** |

## एकिकृत आय-व्यय हिसाब (श्रावण १, २०७३ देखि आषाढ ३१, २०७४ सम्म)

| विवरण | (रु. हजारमा) |
|---|---|
| **आय** | |
| बीमाशुल्क (खुद) | ७४६,८०५ |
| पुनर्बीमा कमिशन आय | १३३,२३२ |
| लगानी, कर्जा तथा अन्यबाट आय | ५६,३५४ |
| अन्य प्रत्यक्ष आय | - |
| आर्थिक वर्षको शुरुको भुक्तानी हुन बाँकी दावी बापत व्यवस्था | १५२,१०९ |
| आर्थिक वर्षको शुरुको असमाप्त जोखिम बापत व्यवस्था | २१३,४३१ |
| **जम्मा आय** | **१,३०१,९३१** |
| **व्यय** | |
| दावी भुक्तानी (खुद) | २२१,१३७ |
| अभिकर्ता कमिशन | ३२,५४४ |
| पुनर्बीमा कमिशन खर्च | ४३८ |
| सेवा शुल्क (खुद) | ७,४६८ |
| अन्य प्रत्यक्ष खर्च | - |
| व्यवस्थापन खर्च | १६०,७३९ |
| आर्थिक वर्षको अन्त्यमा भुक्तानी हुन बाँकी दावी बापत व्यवस्था | १७६,१६२ |
| आर्थिक वर्षको अन्त्यमा असमाप्त जोखिम बापत व्यवस्था | ३७३,४०३ |
| **जम्मा व्यय** | **९७१,८९०** |

| | |
|---|---|
| नाफा नोक्सान हिसाबमा सारेको | ३३०,०४० |

**त(२).आर्थिक वर्ष समाप्त भएपछि हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरु पेश गरेमा, आर्थिक वर्ष समाप्त भएको मितिबाट पेश गरेको मिति सम्ममा वासलातको मिति पछिको घटनाको बारेमा छुट्टै जानकारी विवरणपत्रमा समावेश गर्नुपर्ने :**

सो माथि दफा (ण) मा उल्लेख गरिएको छ।

**त (३). धितोपत्र निष्काशन खुल्ला हुनु पूर्व स्वीकृत भएको हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरुमा उल्लेखित विवरणमा सम्बन्धित नियमन निकायको नियमन व्यवस्था, निर्देशन वा अन्य कुनै कारणबाट व्यवसाय सञ्चालनको क्रममा हुने सामान्य परिवर्तन बाहेक लगानीकर्ताका निर्णयमा खास असर पर्ने गरी तात्विक परिवर्तन भएमा त्यस्तो परिवर्तित विवरण समावेश गरी आवश्यक सुधार एवम् संशोधन गर्नुपर्नेछ र त्यस्तो संशोधित हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरु बोर्डबाट स्वीकृत गराएर मात्र निष्काशन सम्बन्धी कार्य शुरु गर्नुपर्नेछ :**

धितोपत्र निष्काशन खुल्ला हुनु पूर्व स्वीकृत भएको हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरुमा उल्लेखित विवरणमा सम्बन्धित नियमन निकायको नियमन व्यवस्था, निर्देशन वा अन्य कुनै कारणबाट व्यवसाय सञ्चालनको क्रममा हुने सामान्य परिवर्तन बाहेक लगानीकर्ताका निर्णयमा खास असर पर्ने गरी तात्विक परिवर्तन भएमा त्यस्तो परिवर्तित विवरण समावेश गरी आवश्यक सुधार एवम्संशोधन गरी र सो संशोधित हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरु बोर्डबाट स्वीकृत गराएर मात्र निष्काशन सम्बन्धी कार्य शुरु गर्नेछौं।

**थ. संगठित संस्थाले गर्ने भनिएको काममा निहित सम्भावित जोखिमहरु :**

(क) नयाँ निर्जीवन वीमा कम्पनीहरुको प्रवेशबाट उत्पन्न हुने प्रतिस्पर्धाबाट हुने जोखिम।

(ख) अन्तर्राष्ट्रिय बजारको आर्थिक मन्दीले प्रत्यक्ष असर वीमा लगानीको क्षेत्रमा पर्न सक्ने भएकोले सोबाट हुने जोखिमहरु।

(ग) नेपाल सरकारले वर्तमान वीमा सेवा नीतिमा प्रभाव पार्ने गरी कुनै निर्णय वा कानून लागू गरेमा कम्पनीको आयमा असर पर्न सक्नेछ।

(घ) पूँजी बजारको अवस्थामा आउने उतार-चढावबाट पर्नसक्ने जोखिमहरु।

(ङ) देशको राजनैतिक तथा आर्थिक अवस्थामा आउने उतार-चढावबाट पर्नसक्ने जोखिमहरु।

च) कम्पनीको लगानी खराब भई हुन सक्ने जोखिमहरु।

व्यावसायिक जोखिमहरुबाट श्रृजना हुनसक्ने हानी नोक्सानीको लागि व्यवस्थापन चनाखो भई सम्भावित हानी नोक्सानी कम गर्न सक्षम र प्रतिवद्ध छ।

**धितोपत्रको मूल्य परिवर्तन सम्बन्धि जोखिम :**

निष्काशन गरिएको शेयर मूल्य रु. १००/- प्रति शेयरका दरले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ।

**द.. शेयर बाँडफाँड सम्बन्धी व्यवस्था :**

धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २१ ले गरेको व्यवस्था बमोजिम कम्पनीले आफ्नो शेयरधनीहरुमा हकप्रद आधारमाखरीद आव्हान गरेको शेयर बिक्री बन्द भएको मितिले बढीमा तीस दिनभित्र बाँडफाँड गरी सम्बन्धित शेयरधनीहरुलाई बाँडफाँड पत्र र फिर्ता भुक्तानी दिने व्यवस्था गरी सो को सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गर्नेछ। यसरी बाँडफाँड भए पश्चात नेपाल स्टक एक्सेन्ज लिमिटेडमा सुचिकरण तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा दर्ता गराई नेपाल धितोपत्र बोर्डको निर्देशन बमोजिम निर्धारित अवधि भित्र बाँडफाँडमा परेका शेयरधनीहरुलाई हकप्रद शेयरको कित्ता हितग्राही खातामा सोझै जम्मा गरिनेछ।

**ध संगठित संस्थाको प्रबन्धपत्र, नियमावली, पछिल्लो वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाब, लेखापरीक्षण प्रतिवेदन निरीक्षण गर्न पाईने समय र स्थान :**

कार्यालय समयभित्र निम्नलिखित स्थानहरुमा कम्पनीको प्रबन्धपत्र, नियमावली, पछिल्लो वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाब तथा लेखापरीक्षण प्रतिवेदन निरीक्षण गर्न सकिने छ।

**(क)**कम्पनीको केन्द्रीय कार्यालय काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका, अनामनगरस्थित कार्यालयबाट।

**(ख)**धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक - एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाडौंस्थितकार्यालयबाट।

**न. निष्काशन हुने धितोपत्र प्रत्याभुति गरेको भए सो को विवरण :**

निष्काशन गरिने शेयर हकप्रद शेयर भएकाले धितोपत्र सम्बन्धी प्रचलित कानून बमोजिम यस निष्काशनमा निष्काशन गरिने शेयरको प्रत्याभुति गरिएको छैन।

**प . शेयर सूचीकरण गराउने सम्बन्धी व्यवस्था :**

कम्पनीले आफ्ना शेयरधनीहरुमा हकप्रद आधारमा खरीद आव्हान गरेको हकप्रद शेयर बिक्री बन्द भएको मितिले नेपाल धितोपत्र बोर्डको निर्देशिकाले तोके बमोजिमको दिनभित्र हकप्रद शेयरको बाँडफाँड गरी नेपाल स्टक एक्सचेञ्ज लिमिटेड र सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा सूचीकरण तथा दर्ता गराई बिक्रीको व्यवस्था मिलाइने छ।

**फ. संगठित संस्थाको कारोवारमा असर पार्ने कुनै विवाद/मुद्दा भए सो को विवरण :**

सो नभएको।

**ब. हकप्रद शेयर खरिद गर्न चाहने साविक शेयरधनीहरुले पालना गर्नुपर्ने मुख्य कुराहरु :**

(१) यस विवरणपत्र अनुसार जारी गरिने हकप्रद शेयर खरीदका लागि यस निष्काशन प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने मितिभन्दा अघिल्लो दिनसम्म कायम शेयरधनीहरुले आफ्नो नाममा कायम शेयरको २ : १ को अनुपातमा (विद्यमान २ कित्ता शेयर बराबर नयाँ १ कित्ता शेयरको दरले) शेयर खरिदका लागि दरखास्त दिन सक्नेछन्।

(२) प्रत्येक शेयरधनीले शेयरको हकप्रद निष्काशनका लागि दरखास्त दिंदा कम्पनीद्वारा तोकिएको निर्दिष्ट ढाँचामा आफ्नो शेयरधनी नम्बर, हाल कायम रहेको शेयर संख्या, शेयर प्रमाणपत्र नम्बर (हरु), आफूले खरीद गर्न पाउने अथवा मागेको हकप्रद शेयर संख्या र सो बराबरको रकम समेत खुलाई रितपूर्वक तोकिए बमोजिमको ढाँचामा आवेदन दिनुपर्नेछ।

(३) दरखास्त फारम नेपाली तथा अंग्रेजी दुवै भाषामा पूर्णरुपले भर्नुपर्नेछ।

(४) दरखास्तसाथ प्रति शेयर रु. १००।– को दरले आफूले हकप्रद आधारमा माथि ब(१) मा उल्लेख भए अनुसार खरीद गर्न पाउने शेयर संख्यालाई गुणन गर्दा हुन आउने बराबरको एकमुष्ठ नगद रकम वा सो बराबरको रकम बैंकमा जम्मा गरेको भौचर वा ड्राफ्ट संलग्न भएको हुनुपर्नेछ। भौचर वा बैंक ड्राफ्ट मार्फत् रकम जम्मा गर्दा भौचर वा ड्राफ्ट नम्बर शेयर आवेदन फारममा अनिवार्य रुपमा खुलाउनु पर्नेछ।

(५) यस हकप्रद शेयर निष्काशन प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने मितिभन्दा अघिल्लो दिनसम्म कायम शेयरधनीहरुले मात्र यस हकप्रद निष्काशनमा दरखास्त दिन सक्नेछन्। शेयरधनी दर्ता पुस्तिका बन्द भए पश्चात् शेयर खरीद गर्ने शेयरधनीहरु यस हकप्रद निष्काशनका लागि आवेदन दिन योग्य हुने छैनन्।

(६) शेयरधनीहरुले तोकिएको समय/अवधि भित्र शेयरका लागि दरखास्त दिनुपर्नेछ। यदि कुनै शेयरधनीबाट तोकिएको समय/अवधि भित्र शेयरका लागि दरखास्त प्राप्त हुन नआएमा त्यस्तो दरखास्तलाई शेयर बाँडफाँडमा समावेश गरिने छैन।

(७) "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा उल्लेख गरिए बमोजिम तोकिएको म्यादभित्र दरखास्त नदिने तथा दरखास्त दिए पनि माग गरिए बमोजिम तोकिएको रकम नबुझाउने शेयरधनीहरुलाई शेयर बाँडफाँडमा समावेश गरिने छैन र सोमा कसैको कुनै पनि प्रकारको दाबी विरोध लाग्नेछैन।

(८) यस हकप्रद शेयर निष्काशनको समयमा कुनै विवाद भएमा वा ऊजुरी परेमा सो को निवारणका लागि कम्पनीको संचालक समितिको निर्णय नै अन्तिम हुनेछ।

(९) प्रत्येक शेयरधनीले भौतिक तथा अभौतिक (डिम्याट) रुपमा रहेको शेयर अनुसार हकप्रद शेयर भर्दा आवेदकको शेयर भौतिक तथा अभौतिक (डिम्याट) जुन रुपमा कायम रहेको भएतापनि एउटै आवेदन फारम मार्फत दरखास्त दिनुपर्नेछ।

**भ. आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरी मनोनयन गरेको अवस्थामा पालना गर्नुपर्ने कुराहरुः**

१. साविकका शेयरधनीले देहायको अवस्थामा अन्य कुनै ब्यक्तिले खरिद गर्न पाउने गरी हकप्रद शेयर बिक्री खुल्ला भएको अवधि भित्र धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अनुसूची–११ को ढाँचामा निवेदन कम्पनीको रजिष्टर्ड कार्यालय अनामनगरमा दिई आफ्नो हक अन्य ब्यक्तिलाई हस्तान्तरण गर्न सकिने छ।

(क) हकप्रद शेयर खरिद गर्ने हक अन्य कुनै ब्यक्तिलाई हस्तान्तरण गर्ने सम्बन्धी ब्यबस्था कम्पनीको नियमावलीमा भएको,

(ख) मनोनयन भै शेयरको लागि आवेदन गर्दा धितोपत्र बजारको कारोबार इकाई अनुसार हुने ब्यबस्थानियम १७ को उपनियम ४ बमोजिम प्रकाशित विवरणमा ब्यबस्था गरिएको।

(ग) संगठित संस्थाको प्रबन्धपत्र, नियमावली वा सम्बन्धित नियामक निकायले शेयरको स्वामित्व संख्याको सीमा तोकेकोमा त्यस्तो सिमा भित्र रहेको,

(घ) संगठित संस्थाको प्रबन्धपत्र र नियमावलीको व्यवस्था अनुसार स्वामित्व तथा सञ्चालक समिति समूहकृत गरिएको भएमा सोही समूहभित्र रहने गरी मात्र मनोनयन गरिएको,

(ङ) मनोनयन गरिने व्यक्ति प्रचलित कानून बमोजिम कालो सूचीमा नरहेको,

(च) मनोनयन गरिने ब्यक्ति प्रचलित कानून बमोजिम त्यस्तो संस्थाको शेयर खरिद गर्न अयोग्य नभएको,

२. माथि दफा १ बमोजिम मनोनयन गर्दा एक व्यक्तिलाई मात्र मनोनयन गर्नु पर्नेछ।

३. माथि दफा १ बमोजिम मनोनयनका लागि निवेदन दिंदा निवेदनका साथ हक हस्तान्तरण गरी लिइने धितोपत्रको चुक्ता रकमको एक प्रतिशत रकमले हुने आउने रकम मनोनयन गरिदिने शेयरधनी (शेयरवाला) ले बुझाएको शुल्क समेत समावेश गर्नु पर्नेछ।

४. शेयरवालाले आफ्नो हकको हकप्रद शेयर बिक्रीको लागि माथि दफा १ बमोजिम अन्य व्यक्तिलाई मनोनयन गरेमा त्यस्तो शेयरवालाले सोहि संगठित संस्थाको अरु शेयरवालाको हकप्रद शेयर खरीदगर्न पाउने छैन।

५. धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम १९ बमोजिम हिकप्रद धितोपत्र हस्तान्तरण भएको धितोपत्रको संख्या र हस्तान्तरण गरी लिने दिने शेयरधनीको संख्या सम्बन्धी जानकारी सहित माथि दफा ३ बमोजिम जम्मा हुन आएको शुल्क निष्काशन तथा बिक्री प्रबन्धक मार्फत हकप्रद निष्काशनको धितोपत्र बाँडफाँड भएको पन्ध्र दिन भित्र नेपाल धितोपत्र बोर्डमा बुझाउनु पर्नेछ।

६. धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम १९ मा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि धितोपत्र बजारले बोर्डको स्वीकृति लिई धितोपत्र बजार मार्फत हक हस्तान्तरण सम्बन्धी व्यवस्था गरेमा सोही बमोजिम हक हस्तान्तरण हुन सक्नेछ।

**म. कम्पनीको लेखापरीक्षक, कम्पनी सचिव, वित्तीय विवरण प्रक्षेपण गर्ने विशेषज्ञ, प्रक्षेपित विवरणको प्रक्षेपण/अनुमानको आधार तथा तरिकाबारे पुनरावलोकन गरी सन्तुष्ट भएको राय व्यक्त गर्ने विशेषज्ञ, "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" तयार गर्ने विशेषज्ञ तथा निष्काशन तथा बिक्री प्रबन्धकको नाम तथा ठेगाना :**

**म.१ लेखापरिक्षक तथा कम्पनी सचिवको नामनामेसी :**

आ.व.२०७३/७४को आम्दानी-खर्च हिसाबको लेखापरीक्षण मदन निरौला एण्ड कं चार्टर्ड एकाउण्टेण्ट्स्काश्री मदन कुमार निरौलाले गर्नुभएको छ। हेटौडा-४, मकवानपुर निवासी बि. कम. र बि. एल. सम्मको शैक्षिक योग्यता हासिल गर्नुभएका श्री विष्णु प्रसाद धितालयस कम्पनीको कम्पनी सचिवको रुपमा कार्यरत हुनुहुन्छ।

**म.२ वित्तीय विवरण (वासलात, नाफा-नोक्सान खाता र नाफा-नोक्सान बाँडफाँड हिसाब) प्रक्षेपण गर्ने विशेषज्ञको नाम तथा ठेगाना :**

यस वित्तीय विवरण तयार पार्ने व्यवसायिक संस्थामा कम्पनी स्वयं रहेको छ। प्रक्षेपित वित्तीय विवरण ठीक छ भनी प्रमाणित गर्ने विशेषज्ञमा एम.जि.एस एण्ड एसोसियट्स, अनामनगर, काठमाडौंका श्री ध्रुव अधिकारीरहनु भएको छ।

**म.३ वित्तीय प्रक्षेपण (वासलात, नाफा-नोक्सान खाता र नाफा-नोक्सान बाँडफाँड हिसाब) को अनुमानको आधार तथा तरिका पुनरावलोकन गरी सन्तुष्ट भएको राय व्यक्त गर्ने विशेषज्ञको नाम तथा ठेगाना :**

यस विवरणमा उल्लेख गरिए बमोजिम तयार गरिएको वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु हालको वित्तीय बजारको स्थिति, कम्पनीको हालको दक्षता र कम्पनीले प्राप्त गरेको हाल सम्मको कार्य प्रगतिको आधारमा पुनरावलोकन गरी विवरण ठीक छ भनी प्रमाणित गर्ने विशेषज्ञमा एम.जि.एस एण्ड एसोसियट्स, अनामनगर, काठमाडौंका श्री ध्रुव अधिकारी रहनुभएको छ।

**म.४ यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" तयार गर्ने विशेषज्ञको नाम तथा ठेगाना :**

यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" तयार पार्ने व्यवसायिक संस्थामा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक - एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाडौं रहेको छ।

**म. ५ यस हकप्रद शेयर निष्काशन गर्ने निष्काशन तथा बिक्री प्रबन्धकको नाम तथा ठेगाना :**

यस हकप्रद शेयर निष्काशन कार्यको लागि व्यवसायिक संस्थामा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक - एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाडौं रहेको छ।

**य(१). हकप्रद शेयर जारी गर्नुको उद्देश्य**

(क)बीमा समितिले निर्देशन दिए अनुरुप २०७५ आषाढ मसान्त सम्ममा कम्पनीको चुक्ता पूँजी पुऱ्याउनु पर्ने भएकोले।

(ख) प्रबन्धपत्र तथा नियमावलीमा उल्लेख गरिएका उद्देश्यहरु अनुरुप गर्नु पर्ने कार्यहरुको लागि आवश्यक पर्ने पुँजी जुटाउन।

(ग) कम्पनीको २२ औं वार्षिक साधारण सभाबाट पूँजी वृद्धि गर्ने सम्बन्धमा निर्णय भए अनुसार २ शेयर बारबर १ शेयरको अनुपातमा हकप्रद शेयर निष्काशन गरी कम्पनीलाई आवश्यक पर्ने पूँजी संकलन गर्ने।

(घ) कम्पनीले सेवा विस्तार गर्ने क्रममा लगानी बढाउन तथा वित्तीय एवं आर्थिक गतिविधिलाई विस्तार गर्नका लागि आवश्यक पूँजी संकलन गर्न।

**य(२). निष्काशनबाट प्राप्त हुने कूल रकम सम्बन्धमा वित्तीय रुपमा स्पष्ट खुलेको उपयोग योजना सहितको विवरण**

निष्काशनबाट प्राप्त हुने कुल रकम तल उल्लेखित विभिन्न क्षेत्रहरुमा प्रयोग हुनेछ :

| विवरण | रकम (रु) |
|---|---|
| बैंक तथा वित्तीय संस्थाको मुद्दती निक्षेपमा | रु.३५,००,००,०००/- |
| बीमा समितिको निर्देशिका बमोजिम थौरै जोखिममा उच्चतम प्रतिफल आउने गरि गरिने लगानी | रु.४,२०,९२,८११/- |
| **जम्मा** | **रु. ३९,२०,९२,८११/-** |

**र. हकप्रद शेयर बिक्री खुल्ला अवधि :**

हकप्रद शेयरको लागि दरखास्त लिने कार्य कम्तीमा पैंतिस दिनका लागि खुल्ला राखिनेछ। सो अवधिभित्र निष्काशन गरिएको सबै धितोपत्र बिक्रि नभएमा "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" को नियम १८ बमोजिम नेपाल धितोपत्र बोर्डलाई अग्रिम जानकारी दिई यस कम्पनीले सूचना प्रकाशन गरी बढीमा थप पन्ध्र दिनका लागि धितोपत्रको दरखास्त खुल्ला राख्न सकिनेछ।

**ल(१). हकप्रद शेयर खरीदका लागि दरखास्त पाईने, रकम जम्मा गर्ने र आवेदन बुझाउने स्थानहरुका साथै हकप्रद शेयर खरिदका लागि तयार गरिएको "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" प्राप्त वा हेर्न सक्ने स्थानहरु :**

(क) विवरणपत्र तथा दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान :

| **क्र.सं** | **कम्पनीको नाम, ठेगाना** |
|---|---|
| १. | एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाडौं। |
| २. | एनएमबि बैंक लिमिटेडका शाखा कार्यालयहरु उपत्यका भित्र : चावहिल, कलंकी, सीतापाइला, तीनकुने, टेकु, बसुन्धारा काठमाडौं; लुभु, ठैंब ललितपुर; सुर्यविनायक, भक्तपुर; उपत्यका बाहिर : तीनदोबाटो, बनेपा; मिलनचोक, बुटवल ; महेन्द्रपथ, धरान ; रङ्गेलीरोड, विराटनगर ; सुर्खेत रोड, नेपालगन्ज; बसपार्क रोड, धनगढी ; न्यूरोड, पोखरा ; आर्दशनगर, विरगन्ज ; भानुचोक, जनकपुर ; नारायणगढ, चितवन ; विर्तामोड, झापा। |

(ख) दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान :

| **क्र.सं** | **कम्पनीको नाम, ठेगाना** |
|---|---|
| १. | आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालयहरु |

(ग)उपरोक्त स्थानहरुको अलावा निष्काशन तथा बिक्री प्रबन्धक एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाडौंद्वारा अन्य माध्यममार्फत सुचित गरिने सङ्कलन केन्द्रको रुपमा कार्य गर्ने गरी नियुक्त वित्तीय संस्थाहरुमा हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु प्राप्त गर्न वा हेर्न सक्ने, आवेदन फारम पाउने, बुझाउने र रकम जम्मा गर्न व्यवस्था गरिने छ। उक्त उल्लेखित स्थानहरु बाहेक अन्य स्थानबाट आवेदन दिन चाहनेहरुले धितोपत्र निष्काशन बन्द हुनु भन्दा अघिको मितिमा एनएमबि क्यापिटल लिमिटेडको नाममा खिचिएको एकाउण्ट पेयी **(A/C Payee)** ड्राफ्टसाथ धितोपत्रको लागि आवेदन सिधै हुलाक वा कुरियरद्वारा एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाडौंमा पठाउन सकिने छ। हकप्रद शेयर बिक्री बन्द भएको ७ दिन पछि प्राप्त ड्राफ्ट र आवेदन फारमलाई बाँडफाँडमा समावेश गरिनेछैन।

(घ) धितोपत्र निष्काशनको क्रममा बोर्डबाट स्विकृत **"हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु"** लगानीकर्तालेसहज रुपमा हेर्न सक्ने र उनीहरुलाई सुचित निर्णयमा पुग्न सहज गर्ने उद्धेश्यले निष्काशन तथा बिक्री प्रबन्धकको वेभसाइटमा धितोपत्र बिक्री बन्द नभएसम्म राखिनेछ। साथै सोको एक प्रति (Soft Copy) बोर्डको वेभसाइटमा राख्न समेत उपलब्ध गराइनेछ।

(ङ) हकप्रद शेयर निष्काशनको क्रममा शेयरधनीको संख्या र ठेगानालाई आधारमानी शेयरधनीहरुको पहुँच हुने गरी पर्याप्त मात्रामा संकलन केन्द्र तोकिनेछ। साथै दरखास्त फारामको हकमा आवेदकहरुले एनएमबि क्यापिटल लिमिटेडको वेवसाइट www.nmbcapital.com.np र कम्पनीको वेवसाइट www.necoinsurance.com.np बाट डाउनलोड गरी भरेर तोकिएको सकंलन केन्द्रमा बुझाउन सकिनेछ।

**ल(२). निष्काशन बैंक (Bankers to the Issue) को नाम तथा ठेगाना :**

यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मार्फत निष्काशित हकप्रद शेयरहरुको लागि निष्काशन बैंक **(Bankers to the Issue)** को रुपमा एनएमबि बैंक लिमिटेड, बबरमहललाई तोकिएको छ। नेपाल धितोपत्र बोर्डलाई तीन दिन अगाडि जानकारी गराई अन्य वाणिज्य बैंकहरुलाई समेत आवश्यकता अनुसार निष्काशन बैंक तोक्न सकिनेछ।

**व. आफ्नो व्यवसायसँग सम्बन्धित ऐन, नियम, कम्पनी ऐन तथा अन्य नियमन निकायले दिएको निर्देशनहरुको पूर्ण पालना गरेको सम्बन्धमा उद्घोषण :**

कम्पनीले आफूले गर्ने व्यवसायसँग सम्बन्धित बीमा ऐन, २०४९, प्रचलित नियम, कम्पनी ऐन, २०६३ तथा अन्य नियमन निकायले दिएको निर्देशनहरुको पूर्ण रुपमा पालना गरेको छ र सोही निर्देशनहरुको दायरा भित्र रही कार्य गरिरहेको बारेको उद्घोषण कम्पनीको रहेको छ। साथै कम्पनी ऐन, २०६३ र अन्य प्रचलित ऐन, नियम बमोजिम कम्पनीका सञ्चालकहरु कालो सूचीमा नरहेको र संस्थापक शेयरधनीहरु संस्थापक हुनको लागि अयोग्य नरहेको कम्पनीको उद्घोषण रहेको छ। यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा उल्लेख गरिएको विवरणहरु समेत सोही अनुरुप तयार गरिएको हो। यस कम्पनीले कम्पनी रजिष्ट्रारको कार्यालयमाकम्पनी ऐन, २०६३ बमोजिम पेश गर्नुपर्ने आ.व. २०७३/७४ सम्मका विवरणहरु पेश गरेको हुनाले सो आ.व सम्म यस कम्पनी अध्यावधिक रहेको जानकारी गराउँदछौं।

**क्रेडिट रेटिङ्ग सम्बन्धी**

बोर्डबाट क्रेडिट रेटिङ्गसम्बन्धी कार्य गर्न अनुमति प्राप्त संस्था इक्रा नेपाल (ICRA Nepal)ले यस कम्पनी बैंकद्वारा जारी गर्न लागेको हकप्रद शेयर निष्काशनलाई इक्रा नेपाल लिमिटेडले औषत आधारहरु (Fundamentals) जनाउने "ICRANP IPO GRADE 3"प्रदान गरेको छ । [ICRANP] IPO GRADE 3 ले average fundamentalsजनाउदँछ, ग्रेड २,३,४ मा प्रयोग गरिने + (plus) चिन्हले त्यस समूहका तुलनात्मक सकारात्मक स्थितिलाई जनाउदँछ ।

**श(१). पछिल्लो ३ वर्षको अधिकतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोवार भएको संख्या सम्बन्धी विवरण :**

| **कम्पनीकोविगत तीन आर्थिक वर्षको वार्षिक शेयर कारोवारको विवरण** | | | | |
|---|---|---|---|---|
| आर्थिक वर्ष | अधिकतम शेयर मूल्य (रु) | न्यूनतम शेयर मूल्य (रु) | अन्तिम बजार मूल्य (रु) | शेयर कारोवार संख्या |
| २०७३/२०७४ | २,३०० | ५६८ | ९८२ | १,५२०,४०२ |
| २०७२/२०७३ | २,२५० | ४३६ | १,९९० | १५,६४,८३१ |
| २०७१/२०७२ | ९२५ | ४०४ | ४६२ | ३,८१,५५७ |
| **कम्पनीको विगत तीन महिनाको शेयर कारोवारको विवरण** | | | | |
| मंसिर २०७४ | ९५५ | ८३२ | ९३२ | ६७,५९० |
| कार्तिक २०७४ | ९५१ | ८५३ | ८८७ | १,२५,८४४ |
| असोज २०७४ | ९५६ | ८८५ | ९३२ | ३४,१८८ |

**ष. यस "हकप्रद निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा उल्लेख भएको विवरणहरु तथ्य, पूर्ण छन्, सो मा कुनै फरक परेमा हामी संचालकहरु पूर्णरुपमा जिम्मेवार हुनेछौं भनी सही छाप गर्ने सञ्चालकहरुको नाम, दस्तखत**

| क्र.सं. | सञ्चालकहरुको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | श्री रमेश कुमार निरौला<br>(संस्थापक शेयरधनीको तर्फबाट प्रतिनिधित्व) | अध्यक्ष | |
| २. | श्री कविराज अधिकारी<br>(संस्थापक शेयरधनीको तर्फबाट प्रतिनिधित्व) | सञ्चालक | |
| ३. | श्री आनन्द नेपाल<br>(संस्थापक शेयरधनीको तर्फबाट प्रतिनिधित्व) | सञ्चालक | |
| ४. | श्री भानुभक्त पोखरेल<br>(सर्वसाधारण शेयरधनीको तर्फबाट प्रतिनिधित्व) | सञ्चालक | |
| ५. | श्री तीर्थराज पराजुली<br>(सर्वसाधारण शेयरधनीको तर्फबाट प्रतिनिधित्व) | सञ्चालक | |
| ६. | श्री रोहित कुमार भट्टराई | स्वतन्त्र सञ्चालक | |

**स. निष्काशन तथा बिक्री प्रवन्धकको उद्घोषण :**

हामीलाई निष्काशनकर्ता संगठित संस्था तथा यसका संस्थापक/संचालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस संस्थाको व्यवस्थापकिय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै "हकप्रद शेयर

निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु” मा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुराप्रति विश्वस्त भई हामीले यो “हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु” स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा “धितोपत्र सम्बन्धी ऐन, २०६३” र “धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३” अनुरुपको योग्यता पुगेको प्रतिबद्धतापत्र (ड्यू डेलिजेन्स् सर्टिफिकेट) प्रस्तुत गरेका छौं ।

**अनुसूची–१**
**Auditor's Statement for FY 2073/74**